नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## विज्ञप्ति

मिति २०७८ साल श्रावण १५ गतेका दिन दार्चुला जिल्लाको ब्याँस गाउँपालिका वडा नं. २ खाङदाङ मालघाटबाट तुईनको प्रयोग गरी जयसिंह धामी सहितका व्यक्तिहरु भारत तर्फको बाटो हुँदै सदरमुकाम खलंगा आउने क्रममा ब्यास गाउँपालिका वडा नं. २ माल बस्ने वर्ष ३३ का जयसिंह धामी तुईनबाट तर्दै गर्दा भारतीय SSB का जवानले तुईन काटी दिएकोले निज जयसिंह धामी महाकाली नदीमा खसेर बेपत्ता भएको भनी विभिन्न संचार माध्यम तथा सामाजिक सञ्जालहरुमा प्रकाशित सूचना/समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त घटना प्रति दुःख प्रकट गर्दै स्थानीय प्रशासन एवं सुरक्षा निकायहरुलाई सो घटनाको वास्तविकता पत्ता लगाउन आवश्यक निर्देशन दिई सकेको र घटनाको वास्तविक सत्य तथ्य जानकारी तथा खोज उद्धारको लागि जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल ४४ नं. गण र राष्ट्रिय अनुसन्धान विभागको टोली खटिई घटना स्थलमा आवश्यक जाँचबुझ गर्ने कार्य भइरहेको छ । घटनास्थल सदरमुकामबाट ५ घण्टा पैदल दूरीमा रहेको हुँदा उक्त टोली फर्किए पश्चात यथार्थ जानकारी प्राप्त हुने नै छ । उक्त घटनाको अनुसन्धान तथा छानविनको क्रम जारी रहेकोले सत्य तथ्य पुष्टी भई नसकेको अवस्थामा भ्रम सिर्जना हुनेगरी सूचना/समाचार प्रकाशन नगरिदिनुहुन सम्बन्धित सवैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७८।४।१६

मिति: २०७८/०४/१६

फणिन्द्रमणी पोखरेल

सहसचिव/प्रवक्ता